# पाठ ४

# यूहन्ना ४

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशू र सामरियाकी स्त्री
येशूले उच्च अधिकारीको छोरो निको पार्नुभयो

---

## येशू र सामरियाकी स्त्री

---

यूहन्ना ४:१-४२ पढ्नुहोस्।

येशूको देशका धेरै मानिसहरूले सामरीहरूलाई नीच दृष्टिले हेर्ने गर्थे, तर येशूले सबैलाई प्रेम गर्नुभयो। उहाँले धनी, गरीब र सबै जातिका मानिसहरूलाई उस्तै गरी व्यवहार गर्नुभयो।

सामरियाकी यी स्त्री निकोदेमसभन्दा भिन्नै किसिमकी थिइन्। निकोदेमस असल मानिस थिए, तर उनले अनन्त जीवन



पाउनका लागि येशूमा विश्वास गर्नैपर्थ्यो। यी स्त्रीचाहिँ असल थिइनन्। तिनी खराब स्त्री हुन् भन्ने कुरा येशूलाई थाहा थियो, तर उहाँ तिनलाई उद्धार गर्न चाहनुहुन्थ्यो। निकोदेमसजस्तै तिनले पनि येशूमा विश्वास गरेर उद्धार पाएकी थिइन्।

आफूले तिनलाई जीवनको पानी दिन सक्ने कुरा येशूले तिनलाई जानकारी दिनुभएको थियो– जसले तिनको आत्माको तृष्णालाई तृप्त पार्न सक्थ्यो। यूहन्नाको सुसमाचारमा करीब ३६ पल्ट "जीवन" शब्द प्रयोग गरिएको छ। यीमध्ये १७ पल्टचाहिँ यसलाई "अनन्त" शब्दसँग जोडिएको छ। येशू "आफैमा जीवन" थियो (यूहन्ना १:४) र जस-जसले येशूमा विश्वास गर्छन्, तिनीहरूले नयाँ जन्म र अनन्त जीवन पाउँछन् (यूहन्ना ३:५,१५,१६,३६); र जस-जसले जीवनको पानी ग्रहण गर्छन्, तिनीहरूलाई येशूले यो दिनुहुन्छ भनी हामीले सिकेका छौं (यूहन्ना ४:१४)।



तिनले आफ्नै चलनअनुसारको आराधनाको बारेमा बताइन्। ठाउँहरू र आराधना गर्ने चलनहरूचाहिँ त्यत्ति महत्त्वपूर्ण कुराहरू होइनन् भनी येशूले बताउनुभयो। परमेश्वर आत्मा हुनुहुन्छ र उहाँ जो हुनुहुन्छ, उहाँलाई त्यही रूपमा मानिसहरूले आराधना गर्नुचाहिँ महत्त्वपूर्ण छ।

मण्डली (चर्च) सदस्यता वा धार्मिक चलनले मात्र परमेश्वरलाई खुशी तुल्याउन सक्दैन। आराधनाचाहिँ साँचो आराधना र आत्मिक आराधना नभएसम्म परमेश्वर कहिल्यै पनि सन्तुष्ट हुन सक्नुहुन्न। साँचो आराधना बाइबलले सिकाएकोजस्तो हुनुपर्छ। आत्मिक आराधना ईमानदार र पवित्र आत्माअनुसार हुनुपर्छ।

येशू साधारण व्यक्ति हुनुहुन्न भन्ने कुरा ती स्त्रीले थाहा पाइन्, किनकि तिनले गरेका सबै कामहरू उहाँले तिनलाई बताइदिनुभयो। संसारमा पठाउनका लागि परमेश्वरले प्रतिज्ञा गर्नुभएका मुक्तिदाता उहाँ आफै हुनुहुन्छ भन्ने कुरा जब येशूले तिनलाई थाहा गराउनुभयो, तिनले उहाँमाथि विश्वास गरिन्। येशूको बारेमा सबै मानिसहरूलाई बताउनका लागि तिनी दौडेर आफ्नो गाउँमा गईन्। तिनीहरूका शहरमा मसीह आउनुभएको कुरा जब तिनले तिनीहरूलाई बताइन्, तिनीहरू हतार-हतार गरी उहाँलाई भेट्नका लागि इनार भएको ठाउँमा गए।

तिनीहरूलाई उद्धारको बाटोका सम्बन्धमा सिकाएर दुइ दिनसम्म येशू तिनीहरूका साथमा रहनुभयो। मानिसहरूले भने, "अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं,

तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं।''

हामी प्रत्येकले येशूमा विश्वास गर्नुपर्छ र हामी आफैले उहाँलाई भेट्नुपर्छ। मानिसहरूले सबैभन्दा पहिले येशूको बारेमा ती स्त्रीबाट सुनेका थिए। त्यत्तिले मात्र पर्याप्त भएन। हुन सक्छ, तपाईंले आफ्ना आमा-बाबुबाट, पास्टरबाट वा कुनै साथीबाट येशूको बारेमा सुन्नुभएको होला। तर अरूहरूबाट येशूको बारेमा सुन्नु वा उहाँको बारेमा अध्ययन गर्नु मात्र पर्याप्त हुँदैन। तपाईंले प्रार्थनामा व्यक्तिगत रूपमा उहाँलाई भेट्नुपर्छ र तपाईंका आफ्ना मुक्तिदाताका रूपमा उहाँमा विश्वास गर्नुपर्छ।

### तपाईंको अभ्यासको निम्ति

१ यूहन्ना ४:२४ लाई कण्ठ गर्नुहोस्।

२ येशूले गाउँलेहरूलाई सिकाउनुभएपछि तिनीहरूले उहाँको बारेमा के भने?

**क.** तिर्खाएका मानिसहरूलाई पानी दिने असल व्यक्ति उहाँ हुनुहुन्छ।
**ख.** उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ।
**ग.** मानिसहरूका बारेमा सबै कुरा जान्नुहुने अगमवक्ता उहाँ हुनुहुन्छ।

३ परमेश्वरद्वारा ग्रहण हुनका लागि तपाईं

**क.** ले आफ्ना मुक्तिदाताका रूपमा येशूलाई व्यक्तिगत रूपमा विश्वास गर्नुपर्छ।

**ख**. ख्रीष्टियान आमा-बाबुकहाँ जन्मनुपर्छ।
**ग**. ले पास्टर वा साथीबाट येशूको बारेमा सिक्नुपर्छ।

---

## येशूले उच्च अधिकारीको छोरो निको पार्नुभयो

---

यूहन्ना ४ः४३-५४ पढ्नुहोस्।

कसैलाई निको पारिदिनका लागि के तपाईंले येशूसँग कहिल्यै बिन्ती गर्नुभएको छ? एक उच्च पदाधिकारीले आफ्नो छोरालाई निको पार्नका लागि येशूसँग बिन्ती गरेका थिए। येशू त्यस बालक भएको ठाउँमा जानुभएन। बालक निको हुनेछ भनी बालकका बाबुलाई मात्र येशूले भन्नुभयो, र बाबुचाहिँले येशूका वचनहरूमा विश्वास गरे। येशू ख्रीष्टसँग जुन शक्ति सधैं थियो, त्यो आज पनि छ भनी जान्न पाउनु अचम्मको कुरा हो। प्रार्थना र येशूको वचनमा विश्वास गरेर पनि हामी हाम्रो रोगबाट निको हुन सक्छौं।

---

**तपाईंको अभ्यासको निम्ति**

**४** सरकारी पदाधिकारीको छोरालाई येशूले कसरी निको पार्नुभयो?

**क**. उहाँले केही औषधी पठाउनुभयो।
**ख**. उहाँले जादूको मन्त्र फुक्नुभयो।
**ग**. उहाँले बालक निको हुनेछ भन्नुभयो, र उनका बाबुले विश्वास गरे।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

२ ख) उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ।

४ ग) उहाँले बालक निको हुनेछ भन्नुभयो, र उनका बाबुले विश्वास गरे।

३ क) आफ्ना मुक्तिदाताका रूपमा येशूलाई व्यक्तिगत रूपमा विश्वास गर्नुपर्छ।